# दु:ख लाग्छ !

ज्ञानवीर थापा

किन हो किन दु:ख लाग्छ

हाँसोमा पनि रोदनको आभास हुन्छ

लाग्छ मेरो शरिर मात्र यहाँ छ

आत्माले अझै मातृभूमि छोडेको छैन जस्तो छ

बनाउन पर्नेहरुले बिगारेको देख्दा दु:ख लाग्छ

घर हुँदा हुँदै बास माग्नु परेकोमा दु:ख लाग्छ

केही दिन खोज्छु तर लिने हात माथिको विश्वास लाग्दैन

दिग्गजहरु कम र चटकेहरु धरै देख्दा दु:ख लाग्छ

दुष्ट र दैत्यहरुको हातमा आमालाई छोड्नु पर्दा दु:ख लाग्छ

घडी घडी कृष्ण भगवान् बनि कंशहरुको अन्त्य गरुँझैं लाग्छ

स्वार्थ र झुठको अध्यारोले निस्वार्थ मातृप्रेमलाई ढाकेको देख्दा

पाण्डवले झैं कौरवलाई जस्तो विनास गरुँ जस्तो लाग्छ

सवैलाई खुशी दिउँ जस्तो लाग्छ

अँधेरोमा हराएको मेरो भूमिलाई उजेलीले ढाकी दिउँ जस्तो लाग्छ

अवसर र मौकाको खोजीमा हराएका

सिर्जनशील कर्मठ हातहरुलाई अवसर सिर्जना गरिदिउँ जस्तो लाग्छ

तर केही बुझ्दिन म, साथ दिने हात र माया गर्ने कोही नहुँदा

साह्रै दु:ख लाग्छ ....... साह्रै दु:ख लाग्छ .......

भानु जयन्ती, जुलाई १४, २०१२

एड्मन्टन् क्यानाडा ।